## डडेल्धुराको कोलखानमा माओवादीद्वारा श्रम शिविरमा राखिएका बालिकाहरूको बिषयमा गरिएको स्थलगत अध्ययन प्रतिवेदन

### सारांश

१. माओवादीले विद्यालयमा अध्ययनरत र अन्य बालिकाहरूलाई हाल आएर यौन प्रकरणका आरोपमा थुप्रै ठाँउहरूमा श्रम शिविरमा राख्ने गरेको पाइएको छ । माओवादीद्वारा गरिएको एकतर्फी यूद्धविरामका अवधीमा विशेषगरी यस्ता घटनाहरू बढी मात्रामा देखिएको छ । माओवादीले श्रम शिविरमा उनीहरूलाई कुनैपनि किसीमको यातना नदिएको भने ता पनि, त्यी श्रम खेपीरहेका नाबालिक बालिकाहरूमा पर्न जाने मानसीक यातनाहरू बारे माओवादीहरू सजग नभएको पाइएको छ । पढाई गरीरहेका कतिपय बालिकाहरू यौन प्रकरणको आरोपमा श्रम शिविरमा परेर फर्किसके पश्चात समाजको डर, लाजले गर्दा पुनः विद्यालय नजाने गरेको पनि स्थिती पाइएको छ । साथै, उनीहरूको मानसीक अवस्थामा पनि परिर्वतन आएको समेत पाइएको छ ।

२. माओवादीद्वारा श्रम शिविरबाट तारेखमा मुक्त भएका डडेल्धुरा जिल्ला शिर्ष गाविस-९, परीगाँउकी १८ वर्षीय पशुपति थापा मगरले दिएको जानकारीका आधारमा इन्सेक क्षेत्रीय कार्यालय, धनगढीबाट प्रलेख अधिकृत विष्णुबहादुर थापाको नेतृत्वमा एक टोली ०६२ पुस ११ गते माओवादीका आधार क्षेत्रमा पुगेको थियो ।
माओवादीद्वारा विभीन्न आरोपमा ल्याइएका ७ जना बालिकाहरू मध्य चार जनालाई ०६२ मंसिर ३० गतेसम्म मुक्त गरेको जानकारी मानवअधिकारकर्मीको टोलीलाई दिइएको थियो । साथै, श्रम शिविरमा परेकाहरू मध्य शिर्ष गाविस-९ की १६ वषीय धना भट्टराई र १६ वषीय शान्ति भट्टराई स्वइच्छाले माओवादीमा लागेको कुरा माओवादीका एरिया ईन्र्चाज विपीनले टोलीलाई बताउँ । तर, मानवअधिकारकर्मीको टोलीले दुवै जना पीडितलाई भेटने कुरा राख्दा माओवादीबाट आनाकानी गरेको पाइयो, जसले गर्दा माओवादीले भनेका कुराहरूलाई शंकाको घेरामा राख्न आवश्यक ठानिएको छ ।



### घटनाको सांराश

डडेल्धुरा जिल्लाको शिर्ष गाविस-९, परीगाँउकी १६ वर्षीया धना भट्टराई, १६ वर्षीया शान्ति भट्टराई, १८ वर्षीया पशुपति थापा, १६ वर्षीया डम्बरी भट्टराई, १७ वर्षीया चन्द्रा लोहारलाई ०६२ मंसीर ५ गते शिर्ष गाविस, शिर्ष गाविसकी १६ वर्षीया निरा बोहरा, सलौनका १७ वर्षीया सुशीला विक र सोहि ठाँउका १८ वर्षीया लाल बहादुर विकलाई मंसिर १० गते र साथै जोगबुढा गाविस १, पुलठक्करकी १७ वर्षीया दुर्गा बोहरालाई ०६२ असोज २७ गते माओवादीले अपहरण गरी शिर्ष गाविस ८, कोलखान श्रम शिविरमा राखेका थिए । पीडितहरू मध्य चन्द्रा लोहारलाई ०६२ मंसिर ६ गते मुक्त गरिएको थियो भने डम्बरी भट्टराई, सुशीला विक, लाल बहादुर विक र निरा बोहरालाई ०६२ मंसिर

३० गते मुक्त गरिएको जानकारी मानवअधिकारकर्मीको टोलीलाई माओवादीका एरिया ईर्न्चाज विपीनले जनाए । साथै, दुर्गा बोहरालाई माओवादीले धनगढीबाट गएको मानवअधिकारकर्मीको रोहवरमा ०६२ पुस १२ गते मुक्त गरेका थिए । अन्य दुईजना बालिकाहरू धना भट्टराई र शान्ति भट्टराई स्वइच्छाले माओवादीमा लागेको कुरा पनि माओवादीका एरिया ईर्न्चाज विपीनले मानवअधिकारकर्मीलाई जानकारी दिए ।

## पृष्ठभूमी

डडेल्धुरा जिल्लाका जोगबुढा, आलीताल, शिर्ष लगायत विभीन्न गाविसहरूमा हाल आएर माओवादीले विधार्थी लगायत अन्य बालिकाहरूलाई यौन प्रकरणको आरोप लगाई श्रम शिविरमा राख्ने गरेको छ । विशेषगरी, यूद्वविरामको समयमा यस्ता घटनाहरू बढदो रुपमा पाइएको छ । माओवादीद्वारा अपहरणमा परि कोलखानको श्रम शिविरमा राखिएका ७ जना बालिकाहरूका बारेमा सोहि श्रम शिविरबाट मुक्त भई आएकी पशुपति थापाले इन्सेक क्षेत्रीय कार्यालय, धनगढीलाई ०६२ पुस ७ गते जानकारी दिएका थिए । पीडितले दिएको जानकारीको आधारमा इन्सेक क्षेत्रीय कार्यालय धनगढीबाट मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सचिबालय, काठमाण्डौमा सम्पर्क गरी उक्त घटनाको बारेमा जानकारी गराई तत्काल जाने बारे अवगत गराइएको थियो । साथै, यस क्षेत्रका स्थानिय मानवअधिकारकर्मी संघसंस्था, पत्रकारहरूलाई यस बारेमा पनि जानकारी गराइएको थियो । तत्पश्चात ०६२ पुस ८ गते धनगढीबाट इन्सेक कार्यालय, धनगढीका प्रलेख अधिकृत विष्णुबहादुर थापा, समाजिक रुपान्तरण केन्द्रका कमल न्यौपानेको सयूंक्त टोली घटनास्थलतर्फ लागेको थियो भने डडेल्धुरा जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिलाई पनि घटनास्थलमा बोलाइएको थियो ।

## तथ्य सकंलन टोलीको उद्देश्य

१. श्रममा परेका बालिकाहरूको स्थितीका बारेमा जानकारी लिने र मुक्त गराउने ।
२. घटनाको यर्थात विवरण तयार पार्ने ।
३. बालबालिकारुलाई श्रम शिविरमा राखि अनावश्यक रुपमा यातना नदिन माओवादी समक्ष आग्रह गर्ने ।
४. श्रम शिविरमा परेका बालिकाहरूको बारे सत्य-तथ्य सहितको प्रतिवेदन तयार पार्ने ।
५. श्रम शिविरमा परे पश्चात बालबालिकाहरूमा देखिएको प्रभावहरू बारे जानकारी लिने ।

## अध्ययन पद्वति

१. माओवादीका श्रम शिविरहरूको अवलोकन ।
२. माओवादीहरूसँग प्रत्यक्ष भेटघाट र कुराकानी ।
३. श्रम शिविरमा परेका बालिकाहरूसँग भेटघाट र कुराकानी ।
४. श्रम शिविरका बारेमा प्रकाशित समाग्रीको अध्ययन ।

## अध्ययन टोलीका सहभागीहरू

१. विष्णबहादुर थापा, मानवअधिकार प्रलेख अधिकृत, इन्सेक क्षेत्रीय कार्यालय, धनगढी ।
२. कमल न्यौपाने, प्रतिनिधि, समाजिक रुपान्तरण केन्द्र, धनगढी ।
३. केशव बोहरा, इन्सेक जिल्ला प्रतिनिधि, डडेल्धुरा ।

माओवादीका आधार क्षेत्र र श्रम शिविरमा मानवअधिकारकर्मी पुगेको मिति : ०६२ पुस ११ गते

बालिकाहरूलाई श्रम शिविरमा राखेको मितिः ०६२ असोज २७ गते, ०६२ मंसिर ५ गते र ०६२ मंसिर १० गते ।

श्रम शिविर र आधार क्षेत्रः आलीताल गाविस ४, चौड, शिर्ष गाविस-८, कोलखान

## पीडितहरूको विवरण

| क्र.स. | नाम | उमेर/वर्ष | जिल्ला | ठेगाना | घटनास्थल |
|---|---|---|---|---|---|
| १ | धना भट्टराई | १६ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-९, परीगाँउ | शिर्ष गाविस-८, कौलखान |
| २ | शान्ति भट्टराई | १६ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-९, परीगाँउ | शिर्ष गाविस-८, कौलखान |
| ३ | पशुपति थापा | १८ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-९, परीगाँउ | शिर्ष गाविस-८, कौलखान |
| ४ | डम्बरी भट्टराई | १६ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-९, परीगाँउ | शिर्ष गाविस-८, कौलखान |
| ५ | चन्द्रा लोहार | १७ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-९, परीगाँउ | शिर्ष गाविस-८, कोलखान |
| ६ | निरा बोहरा | १६ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-८, सलौन | शिर्ष गाविस-८, कोलखान |
| ७ | सुशीला विक | १७ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-८, सलौन | शिर्ष गाविस-८, कोलखान |
| ८ | लालबहादुर विक | १८ वर्ष | डडेल्धुरा | शिर्ष गाविस-८, सलौन | शिर्ष गाविस-८, कोलखान |
| ९ | दुर्गा बोहरा | १७ वर्ष | डडेल्धुरा | जोगबुढा गाविस-१, पुलठक्कर | शिर्ष गाविस-८, कोलखान |

## घटनाको विवरण

डडेल्धुरा जिल्लाको शिर्ष गाविस-८, कोलखानमा ०६२ असोज २७ गते, ०६२ मंसिर ५ गते र ०६२ मंसिर १० गते गरी तीन चरणमा माओवादीले यौन प्रकरणको आरोपमा जोगबुढा गाविस-१, पुलठक्करकी दुर्गा बोहरा, शिर्ष गाविस-९, परीगाँउका धना भट्टराई, शान्ति भट्टराई, पशुपति थापा, डम्बरी भट्टराई, चन्द्रा लोहार र शिर्ष-८, सलौनका निरा बोहरा, सुशीला विक, लाल बहादुर विकलाई अपहरण गरी श्रम शिविरमा राखेका थिए ।

माओवादीले पीडितहरू मध्य चन्द्रा लोहारलाई अपहरण गरेको भोलिपल्ट ०६२ मंसिर ६ गते मुक्त गरे र अन्यलाई श्रम शिविरमा राखी कामहरू गराउने गरियो । माओवादीले श्रम शिविरमा रहेका बालिकाहरूलाई सोधपुछको क्रममा २-४ थप्पड समेत हानेको स्वीकार गरेता पनि अन्य कुनैपनि किसिमको यातनाहरू नदिएको जनाए । तर, मानवअधिकारकर्मीको रोहवरमा ०६२ पुस १२ गते मुक्त भएकी जोगबुढा गाविस-१, पुलठक्करकी दुर्गा बोहराले आफूहरूलाई कुटपीट गर्नुका साथै ढुंगा बोकाउने, खाना बनाउने, गोरु जोताउने जस्ता कार्यहरूमा लगाएको बताउँछन् ।

साथै, माओवादीको तारेखमा मुक्त भई, ०६२ पुस ७ गते इन्सेक क्षेत्रीय कार्यालय, धनगढीको सर्म्पकमा आएकी शिर्ष गाविस-९, परीगाँउकी पशुपति थापाले आफूहरूलाई झूठा आरोप लगाई माओवादीले श्रम शिविरमा राखेको कुरा बताउँदै, आफू जस्तै अन्य ७ जना पनि कोलखानको श्रम शिविरमा रहेको कुरा वताइन् । कोलखानको श्रम शिविरमा अपहरणमा परेका बालिकाहरूलाई मानसिक रुपमा यातना दिनुका साथै, माओवादीमा लाग्नलाई प्रोत्साहित गरेको कुरा पीडितहरूबाट बुझिएको छ ।

मानवअधिकारकर्मीको स्थलगत अध्ययन टोली माओवादीका आधार क्षेत्र आलीताल गाविस-४, चौडमा ०६२ पुस ११ गते दिउँसो करीब १.०० बजे पुगेको थियो । सोहि दिन करीब दिउँसो २.०० बजे मानवअधिकारकर्मीको टोलीले माओवादीका एरिया ईन्चार्ज विपीनसँग भेट गरी श्रम शिविरमा राखिएका बालिकाहरूको बारेमा जानकारी लिनुका साथै, उनीहरूको सिघ्र रिहाईको पनि माग ग-यो । मानवअधिकारकर्मीको टोलीलाई माओवादीका एरिया ईन्चार्ज विपीनले श्रम शिविरमा परेका

बालिकाहरू मध्य प्राय सबैलाई मुक्त गरीसकेको र ती मध्य २ जना शिर्ष गाविस-९ की १६ वर्षीया धना भट्टराई र १६ वर्षीया शान्ति भट्टराई स्वइच्छाले माओवादीमा लागेको बताउँ ।
टोलीले माओवादीमा स्वइच्छाले लागेका धना भट्टराई र शान्ति भट्टराईलाई भेटन खोज्दा माओवादीले आनाकानी गरेको कुरालाई शंकाको घेरामा राखिएको छ । साथै, मानवअधिकारकर्मीहरूको आग्रहमा माओवादीले मुक्त हुन बाकी रहेका जोगबुढा गाविस-१, पुलठक्करकी दुर्गा बोहरालाई मुक्त गरे । माओवादीद्वारा स्थलगत अध्ययन टोली पुग्नु अगावै श्रम शिविरबाट मुक्त गरिएका बारे स्थानियवासीहरूलाई बुझ्दा सबै जना मुक्त भइसकेको जानकारी टोलीले पाउको थियो । हाल मुक्त भईसकेका सबै बालिकाहरू आ-आफ्नो घरमा पुगिसकेको कुरा पनि स्थानियबासीहरूले मानवअधिकारकर्मीको टोलीलाई जानकारी दिएका थिए ।

## घटनाका बारेमा माओवादीहरूको एरिया ईन्चार्ज विपीनको भनाई

हामीले गाँउबाटै महिला बहिनीहरूका सम्बन्धमा लिखित रुपमा रिर्पाट आएपछि छानविनका शिलशिलामा शिर्ष गाविसकौ सलौन, परिगाँउ लगायतका ठाँउबाट ल्याएका थियौ । अहिले यौन प्रकरणमा हामीले ८ जना बालिकाहरूलाई श्रम शिविरमा राखैका छौ, तर कसैलाई शाररीक यातनाहरू दिने गरेका छैनौ । प्रायः श्रम शिविरमा रहेका बालिकाहरूले आफूहरूले आरोप पनि स्वीकार गरेका छन् । सोधपूछको क्रममा २, ४ थप्पड हानिएको भए पनि धेरै कुटपीट गरिएको छैन । समाजमा यस्ता खालका विकृतीहरू बढदै गएमा हामीले चलाएको आन्दोलनको कुनै अर्थ रहदैन, यसलाई हामीले सुर्धानुपर्छ । यि बहिनीहरूको बयानकै आधारमा शिर्ष कटाल, सलौन लगायतको व्यारेक नजिकका धेरै जसो महिलाहरूको शाही सेनाका जवानसँग सम्बन्ध रहेको पाइयो । हामीले श्रम शिविरका नाममा उनीहरूलाई व्यक्तीगत काममा प्रयोग गरेका छैनौ ।
श्रम शिविरमा रहेका बहिनीहरू मध्य शिर्ष गाविस-९ का बहिनीहरू चन्द्रा, डम्बरीलाई मंसिरकौ अन्तिम सातामा बसेको बैठकले छोडने निर्णय गरेको थियो । सोहि अनुसार उनीहरूलाई मुक्त गरीसकेको हुनुपर्छ । त्यसैगरी शिर्ष सलौनबाट लगिएको दुईजना बहिनी र एक जना भाईलाई पनि मुक्त गरिएको छ । श्रम शिविरमा रहेका मध्य दुई जना बहिनीहरू धना र शान्ति भट्टराई घर जान नमानेपछि हाल हामीसँग नै छन् र हाल टाँढा भएकाले तत्काल भैट गराउने सम्भावना छैन ।

## एरिया ईन्चार्ज एंव जिल्ला सचिबालय सदस्य पदमराज जोशी (बिप्लव)

हामीले यि बहिनीहरूको सन्र्दभमा मात्र होइन कसैको हकमा पनि सर्व प्रर्थम आफ्नो बानि व्याहोरा,आचारणलाई सुधार गर्नकालागि प्रयाप्त मौका दिन्छौ । उनीहरूलाई सचेत सजग पनि बनाउछौ । यिनिहरूको सन्र्दभमा पनी सचेतगराउने भरपुर प्रयास गर्दा गर्दै पनि नयाँ राज्य सत्तालाई वेवस्ता गर्दै गरे पछि हामी कार्वाही गर्न वाध्य भएका हौ । हामीले बहिनीहरूलाई श्रमशिविरमा लगाएपछि शुरुमा साबित गाराउनका लागि थौरै दण्ड दिएता पनि त्यस पश्चात त्यस्तो खालको कुनै पनि यातना दिने र दुर्व्यवहार गरिएको छैन् । बालबालिकाहरूलाई युद्धमा प्रयोग गर्ने सबालमा हामी जवरजस्ती कहीं कतै पनि प्रयोग गरेका छैनौ । वरु पुरानो राज्यसत्ताबाट बालबालिकाहरू युद्धमा प्रयोग भइरहेका छन् ।
हामीले अन्तराष्ट्रिय कानुन र मानवीय कानुनलाई पालना गरेका छौ तर शतप्रतिसत पालना गरेका छौ त भन्दैनौ तर हामी सकभर संयमित छौ वरु पुरानो राज्यसत्ताले एकतर्फी युद्धविराम गरेका मौका छोपी हाम्रा नेता कार्यक्रताहरूलाई गिरफ्तार गर्ने, यातना दिने र वेपत्ता पर्ने काम गरेको छ । केही दिन अगाडी मात्रै आलितालबाट कमरेड भूगोल लाई निशस्त्र अवस्थामा शाही सेनाले समातेर यातना दिए र अहिले सम्मपनि बेपत्ता पारेका छन् । यी कुराहरूलाई मानवअधिकार कर्मी र पत्रकार साथीहरूले उठाउन जरुरी छ । बिगतमा गाँउ छोडेर बिस्थापित भएका मान्छेहरूलाई घर फर्कने सबालमा हाम्रो कुनै बिमति छैन् । हामी वाहाहरूको घर फर्कने चाहनालाई स्वागत गर्दछौ । हामीले

बिगतका दिन सुराकी गरेर हाम्रा कार्यकर्ताको हत्या गर्ने र कान्ति बिपरीत आफ्नो गतिबिधी संचालन गर्ने जस्तो सुकै अपराधिहरूलाई पनि यदी उनिहरू सुध्रिएर घर आउन चाहन्छन् भने हामी घरफर्के पछि कुनै पनि गलत व्यवहार नगर्ने भनि भन्दै आएका छौ र हामीले यसै आधारमा कतिपय मानिसलाई घर फर्काइ सकेका छौ । राजनैतिक पार्टीका गतिविधीहरू माथि हामीले कुनै पनि बाधा अवरोध पुऱ्याएका छैनौ हामीहरूले पार्टीहरूलाई गाँउमा आउन, आफ्ना असहमति भन्न आग्रह गरेका छौ । र हामीले पार्टीका कार्यक्रमहरूलाई सहयोग गर्ने, मानिस जुटाउने अभियानमा जुटेका छौ ।

### एरिया इन्चार्ज जिल्ला सचिबालय सदस्य मान सिंह माल (कान्ति)

हामीले युद्धविराम गरेका छौ । अन्तराष्ट्रिय कानुन प्रति प्रतिवद्ध छौ तर यसो भन्दैमा हामी भष्टाचारी,व यभिचारीलाई सजाय दिनु हुदैन भन्ने मान्यता हैन् अर्थात गल्ति गर्नेलाई कार्वाही नगर्ने भन्ने हैइन् । हामी कुनै पनि आधारमा यस्ता समाजिक बिकृतीहरूालाई आखाँ चिम्लेर सहेर बस्न सक्दैनौ बरु हामी अहिले राजनैतिक पार्टीहरूलाई आफ्ना गतिबिधीहरू गर्ने पुरौ छुट छ । तर राजनैतिक पार्टीका कार्यकर्ताहरूले यस बिचमा कुनै गल्ती गरे भने हामी जुन पार्टीको कार्यकर्ता हो उसैलाई जानकारी गराउछौ र सोही पार्टीबाट कार्वाही गराउन पहल गर्छौ । तर अन्य राजनैतिक पाटीसँग संलग्न नभएका व्यक्तिहरूका सन्दर्भमा यो लागु हुदैन् । बालबालिकाहरूलाई युद्धमा संलग्न गराएको सबालमा हामी के भन्न चाहन्छौ भने सकभर बालबालिकाहरू उनिहरूको इच्छा, चाहना बिपरित प्रयोग गरेका छैनौ । विद्यालयहरूलाई संवेदनशिल क्षेत्र मानेर त्यस क्षेत्रमा हतियार सहित जाने काम हामीबाट रोकीएको छ । तर युद्ध भनेको नाप तौल जस्तो ठ्याक्कै सोचे जस्तो, चाहे जस्तो नहुने भएको ले मानविय कानुन र अन्तराष्ट्रिय कानुनलाई बाध्यतावस पुरै लागु नगर्न सकिने अवस्था छ ।

- **दोस्रो दिन माओवादी नेताहरूसँग श्रम शिविरमा बालबालिकाको प्रयोग गरिएको र तिनिहरूलाई निर्शत छोडनु पर्ने सम्वन्धमा गरिएको कुराकानी निम्ननुसार छ ।**

### धरातल (सब एरिया इन्चार्ज शिर्ष गाविस एवं डिसिएम)

हामीले नचाहादा नचाहादै पनि हामी कहाँ यस्ता रिपोर्टहरू आइरहन्छन् । यसरी रिपोर्टहरू आएपछि हामीले कार्वाही गर्नुपर्ने बाध्यता आउछ । त्यसै अनुसार यि परिगाँउबाट ल्याएका ५ वटा बहिनीहरूलाई सोधपुछ गर्नेक्रममा उनीहरू आफैले विभिन्न व्यक्तिहरूसँग यौन सम्वन्ध राखेको स्विकारे त्यसपछि रुपान्तरण गर्ने दौरानमा केही दिन श्रम शिविरमा राखियो । शुरुमा सावित गाराउने दौरानमा एक दुई चोट सबैलाई लगाइयो तर त्यसपछी कुनै पनि यातना दिइ हामीले परिगाउबाट सबै बहिनीहरूलाई पुस २, ३ गते छोडेउ तर २ वटा बहिनी शान्ति र धनाले घर जादैनौ माओवादीमा नै लाग्दछौ भने पछि ति दुइ जना हामी सँग नै छन् बाकी घर गइ सकेका छन् । त्यसै गरी सलौनकी दुई बहिनी पनि घर गइ सके एक जना दुर्गा बहिनी हामी सँग छन् तर हामी केही दिन पछाडी उनलाई छोडने सोच बनाएका छौ । पशुपति थापा बहीनीलाई हामीले इमान्दारी पुर्वक परिक्षाका लागि छोडेका थियौ र उनलाई पौष ५ गते हाजिर हुन भनेका थियौ । तर उनले धनगढी पुगेर कुटपिट गरेको, याताना दिएको झुटो कुरा लगाउनु भएको रहेछ ।

### अन्तिम चरणमा जोगबुडा क्षेत्रका इन्चार्ज विपिनको भनाई
### बिपीन एरिया इन्चार्ज जोगबुडा क्षेत्र

हामीले अरु सबै बहिनीलाई छोडीसकेका छौ दुइ वटा बहिनी शान्ति र धना छोडिसके पछि पनि हामी घर जादैनौ भनेर माओवादीमा लागेका छन् । उनीहरूलाई याहाहरू सँग हामी चार पाच दिन पछि भेट गाराउन सक्दछौ किनकी उनीहरू टाढा छन् बाकी जोगबुडा-१ पुलठक्करकी दुर्गा बहिनीलाई हाम्रो निर्णय अनुसार केही दिन बेसि सजाय भए पनि यहाहरूको आग्रह र अर्न्तराष्ट्रिय मानवीय

कानुन प्रति सम्मान जनाउदै हामी मुक्त गर्न तयार छौ । केही छिनमै वहाहरू लाई बुझाउन तयार छौ ।

### श्रम शिविरबाट मुक्त भएकीन १७ वर्षीया दुर्गाको भनाइः

०६२ असोज २७ गते बेलुकी ४ बजे मकै लिएर घर आइरहेको वेला शिर्ष गाविस-८ कलेना बाटोमा माओवादीको एक जना वादल उपनाम गरेको कार्यक्रताले वोलाएको छ भनि मलाई लगे त्यसपछि साझ ७.०० बजे शिर्ष गाविस-८ पाले घरमा राखी सोधपुछ गऱ्यो । सोधपुछको क्रममा लठ्ठी र हातले कुट्यो र मैले सबै कुरा भने राति त्यसै घरमा मलाई राखे । दोस्रो दिन बिहान कलेना पुराई बिहान फेरी कुटपिट गरे त्यसपछि दिउस भात पकाउन लगाए । असोज २९ गते देखी शिर्ष १ सुर्खालमा माओवादी कार्यक्रताको गहु छर्न, मकै चुटने, गोरु जोतने र खाने पकाउने काममा माऔवादीले लगाए साथै बाटो घाटो खन्ने काम गराए । त्यसैको एक महिना पछि गाइखेत गाविसको सेला भन्ने ठाउमा लगि लगातार अहिलेसम्म माओवादीले भवन निर्माण गर्नेकाममा लगाए जँहां ढुङ्गा बोक्ने, खन्ने, गारो बनाउने सबै काम गराए । श्रम शिविरमा बिहान ९ बजे देखी साझ ५ बजे सम्म काम गर्नु पर्दथ्यो । श्रम शिविरमा छदा दुई छाक खाना दिइन्थ्यो । लगाउने लुगा घरबाटै लगाएर लगेको एक जोड मात्र थियो सोही कपडा धुएर लगाउनु पर्थो घरबाट हाम्रो कपडा लिन पनि दिएन् । मलाई माओवादीहरूले आएर पटक पटक तैले कति केटासँग सम्पर्क राखिस भनी सोध्दथे । मैले कति पय भएकै कुरा भने कतिपय धम्क्याएका कारण बढी पनि भने । तर मेरी आमाको म १० वर्षकी छदैमा मुत्यु भयो । बुवा घर छोडी भारत तर्फ लाग्नुभयो र अहिलेसम्म पनि आउनु भएको छैन । दुई वटा दाजु सेनामा थिए । घरमा दुइ वटा बहिनी र म थिए । घरमा एक्लै हुदा मेरा छीमेकी, आफन्त र मामा कहिले काही घरमा आई धम्क्याएर बलात्कार गर्दथे । तर सुरुमा सानै थिए त्यसपछि एक दुइ वर्ष अगाडी देखी अरु केटाहरू पनि आएर धम्क्याइ बलात्कार गरे । अव मैल धेरै बुझि सके अब म परिवर्तन हुन चाहान्छु तर यसका लागि मैले एक मौका पाउनु पर्छ ।

### घटनास्थल पुग्दा हाम्रो टोलीले भोग्नु परेका कठिनाइहरूः

भौगोलीक दृष्टिकोणले सुदुरपश्चिमाञ्चलको अन्य पहाडी जिल्लाको तुलनामा डडेल्धुरा जिल्ला त्यति बिकट नमानिए पनि वास्तवमा त्यँहाका गाउँ वस्तीहरूमा पुग्नु र अझै जुन उदेश्यका साथ त्यस ठाउँमा पुगेका थियौ त्यसलाई प्राप्त गर्नका लागि सम्बन्धित पक्षलाइ भेटनु र उपलब्धी हातपार्नु अत्यन्तै कठिनाइ थियो । तर पनि हामी यी सबै भौगोलीक लगायत अन्य चुनौतीहरूलाई सामना गर्दै यहा सम्म आइ पुग्दा भोगेका कठिनाइहरूलाई थौरै शब्दमा राख्न आवश्यक देखिन्छ ।

हाम्रो टोलीले शिर्ष गाविसको वडा न.१ कोलखानमा ७ जना बहिनीहरूलाई श्रम शिविरमा राखेको कुरा ०६२ पुस ७ गते थाहा पाएपछि त्यसको दोस्रो दिन त्यसतर्फ लागेका थियौ । तर डडेल्धुराको गैराखण्डबाट परेको हिमपातका कारण हामीलाई घटनास्थलमा पुग्न झन्डै तिन दिन लागेको थियो । यस दौरानमा हामी तिन जना टोलीमा संलग्न साथीहरू इन्सेक क्षेत्रीय कार्यालयका प्रलेख अधिकृत बिष्णु बहादुर थापा, सामाजिक रुपान्त्रण केन्द्रका कमल न्यौपाने र इन्सेक जिल्ला प्रतिनिधी केशव बोहरा पुस १० गते डडेल्धुराबाट हिडेर सोही दिन पौदल र बस प्रयोग गर्दै डडेल्धुराको हिउमा हिडदै आलिताल गाविसको मदननगर बजारमा राति पुगियो । त्यहा स्थित एउटा जोशी होटेलमा बस्ने व्यवस्था गरियो र माओवादीका एक जना कार्यकर्तालाई पनि भैट गरियो । हाम्रो टोलीको राति एक जना माओवादीको बुद्धिजिवि फाँटमा काम गर्ने जिल्ला स्तरको नेता प्रेम बिष्ट सँग भेट भयो र उनी सँग हामीले आफ्ना कुराहरू वतायौ । हामीलाई अन्य आधिकारीक माओवादी नेताहरूसँग भेटघाट गराइ दिनु पऱ्यो भनेर अनुरोध गऱ्यौ र त्यसपछि वहासँग एकछिन कोठामा बसेर श्रम शिविरमा रहेका बालबालिकाका बिषयमा कुरा गरी सकेपछि उनले त्यस क्षेत्रका एरिया इन्चार्ज विपिनसँग हाम्रो

भेटघाट गराउनका लागि बिहान मान्छे पठाउने भन्दै उनी हिडेपछि हामी त्यसै होटेलमा दुख सुखका साथ रात काटियो ।

अर्को दिन पुस ११ गते बिहान ९ बजिसक्दा पनि माओवादीबाट कुनै खवर नआएपछि हामी अगाडी एक घण्टा हिडी झुलुङ्गे पुल तरेर वजारको पारी पट्टी माओवादी खोज्न हिडिरहेको बेला माओवादीसँग भेटघाट भयो । उनीहरूले आफुलाई पकाएको खानाबाट हामीलाइ पनि मिसाएर खाना ख्वाए । त्यसपछि माओवादी एरिया इन्चार्जसँग भेट गराउन भनी हामीलाइ लगे । हामी २ घण्टाको उकालो चढदै आलिताल गाविसको वार्ड न ४ चौडबन्डी गाउमा पुग्यौ । तर माओावदी नेता आइ नपुगेको कारणले सोही ठाउमा बस्नु पर्‍यो लगभग दिउसो ४.०० बजे माओवादी एरिया इन्चार्ज आए पश्चात हाम्रो परिचय भयो । त्यहा हामीले श्रम शिविरमा राखिएकी बहिनीका सम्वन्धमा कुरा गर्‍यो साथै अन्य बिस्थापितलाई पुनर्स्थापना र बालबालिकाको माओवादी पक्षबाट युद्धमा प्रयोग गरिएको कुरा राखे पछि दोहोरो छलफल भयो । त्यसपछि राति बिस्तृत छलफल गर्ने सर्तमा हामीलाई त्यहाबाट अर्को घरमा बस्ने ब्यवस्था मिलाइयो साझ करिव ८ बजे माओवादीहरूले चलाएको मेसमा नै हामीलाई पनि खान खान वोलाइयो । माओवादीहरू सँग समसामहिक राजनैतिक परिस्थीतिमा कुरा गर्दै खाना खाइयो । खाना पछाडी माओावदीका जुगवुडा क्षेत्रका एरिया इन्चार्ज विपिन, वगरकोट क्षेत्रका एरिया इन्चार्ज क्रान्ति र समैजी क्षेत्रका एरिया इन्चार्ज बिप्लव लगायतका माओवादी नेताहरू सँग बहिनीहरूका सबालमा छलफल गरियो । साथै ऐजेन्डा माथि छलफल चलाइयो । माओवादीका तर्फबाट बिपीन र बिप्लवले आफ्ना कुराहरू राखे त्यसपछि सबै जनाले सुत्ने तर्खरमा लाग्यो ।

०६२ पुस १२ गते ७ बजे बिहान एरिया इन्चार्ज विपिन र क्रान्ति सँग श्रमशिविरमा रहेका बहिनीहरूलाई पनि निशर्त मुक्त गर्न आग्रह गरियो र हाम्रो टोलीका ३ जना र माओदीका २ जना नेता बिचको छलफल पश्चात मुक्त गर्न मन्जुर भए । त्यसपछि दुर्गा बहिनीलाई गाङखेतको सेला स्थित श्रमशिबिरबाट ल्याइ हाम्रो जिम्मा लगाए ।

ति बहिनीलाई हामीले लिएर आलिताल झार्‍यो र आलिलात झर्न झण्डै २ घण्टाको ओरालो झर्नु पर्‍यो र उकालो उक्लीनु पर्‍यो । दुर्गा बहिनीको घर जोगबुडा पुगियो । तर घरमा कोही नभएको अवस्थामा उनलाई कस्को जिम्मा लागाउने अत्यन्तै अप्ठयारो भए पछि धेरै बेरपछि उनको घरमा वसेका ब्यक्तिहरूलाई सम्झाई उनलाई सहयोग गरीदिने वातावरण बनाइयो । त्यसपछि नजिकै सलोन गाउमा बसियो र दोस्रोदिन जोगवुडा बजार पुगी वस चढेर वुडोर बजार पुगी २ जना साथहरू धनगढी र एकजना डडेल्धुरा लागियो ।

## निष्कर्ष तथा सुझावहरू

मओवादीबाट अध्ययनरत बालिकाहरूलाई यौन प्रकरणमा विभीन्न श्रम शिविरमा राखिएको कुरा माओवादीले स्वीकार गरेका छन् । तर माओवादीले श्रम शिविरमा रहेको बालिकाहरूलाई मानसिक रुपमा यातना दिईरहैको कुरा पीडित दुर्गा बोहराबाट बुझिएको छ । पीडित बालिकाहरूलाई माओवादीले श्रम शिविरमा रहँदा माओवादीमा लाग्न प्रोत्साहित गरेको कुरा पनि पीडितहरूबाट यस टोलीले जानकारी पाएको छ । साथै, श्रम शिविरमा रहेका धना र शान्ति भट्टराई आफ्नो ईच्छाले माओवादीमा लागेको कुरा माओवादीले बताउँ पनि मानवअधिकारकर्मीको टालीसँग पीडितहरूलाई भेट गर्न दिइएको थिएन । माओवादीले अगामी दिनहरूमा बाल बालिकाहरूको बिषयमा आफूहरू सचेत रहने बारेमा मानवअधिकारकर्मीहरू माझँ प्रतिवद्वता व्यक्त गरेका छन् ।

## उल्लेखित घटनामा अर्न्तराष्ट्रिय मानवअधिकार र मानवीय कानूनका निम्न वमोजिमका प्रावधानहरूकौ उल्लंघन भएको देखिन्छ ।

१. उस घटनामा माओवादीले बाल अधिकार सम्बन्धि महासन्धि, सन् १९८९ को नोभेम्बरमा सम्पन्न संयूक्त राष्ट्र संघको महासभाद्वारा अंगिकार गरिएका बालबालिका सम्बन्धि अधिकारहरू बारेको एक

अर्न्तराष्ट्रिय सहमति हो । उक्त महासन्धिको धारा १९ अर्न्तगत दुरुपयोग र नकारात्मक कार्बाहीबाट संरक्षणमा स्पष्टसँग उल्लेख गरिएको छ, “बालबालिकाका आमाबुवा वा जवाफदेहि लिने अन्य व्यक्तीहरूबाट भौतिक वा मानसिक हिंसाका सबै रुपहरूबाट उनीहरूको संरक्षण गर्ने दायित्व र त्यसको रोकथा र उपचारका लागि राज्यलाई अभिभारा प्राप्त हुन्छ ।”
२. माओवादीबाट पनि समय समयमा राष्ट्रिय र अर्न्तराष्ट्रिय रुपमा बाल अधिकार बारे व्यक्त गरिएका प्रतिवद्वता माथि पनि यस्ता खालका घटनाले एउता प्रश्न चिन्ह खडा गरेको देखिन्छ ।

*विष्णुबहादुर थापा*
*इन्सेक सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय*
*धनगढी*

---

मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्र
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पो.ब.नं. २७२६, काठमाडौं
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
Email: inseconline@insec.org.np
Website: www.inseconline.org
INSECONLINE PHONE 24 HRS. 4270770